# सामुदायिक भूमि तथा सुधार सम्बन्धि अध्ययन भ्रमण
## २६ माघ देखि ४ फागुन २०७०
## सिकाई प्रतिबेदन

**पृष्ठभूमि :**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले अक्सफाम नेपालको सहयोगमा जिल्ला भूमि अधिकार मञ्चसँग मिलेर दैलेख, सुर्खेत र डडेल्धुरामा संयुक्त लालपुर्जा अभियान र सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यास गरिरहेको छ । यसका लागि डडेल्धुराको जोगबुढा, शिर्ष र आलीताल, सुर्खेतको सहारे, मेहलकुना र मैनतडा, दैलेखको पादुका, बरा र गमौडी गाविसमा भूमि र कृषि विषयमा परिवेश अध्ययन गरिएको छ । अभियानमा संलग्न अगुवा तथा कार्यकर्तामा बुझाई बढाउन हाल सामुदायिक भूमि सुधारको अभ्यास भईरहेको दाङको गंगापरस्पुर, सिन्धुपाल्चोकको राम्चे र महोत्तरीको लीक्ष्मनियाँमा अध्ययन भ्रमणको व्यवस्था गरिएको थियो । भ्रमणमा ३ ओटै जिल्लाका ४ महिला र ३ पुरष गरि ७ जना अगुवा तथा  सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र अक्सफामबाट १/१ जना प्रतिनीधि गरि ९ जना सहभागि थिए ।

**उद्देश्यहरु :**

१. सामुदायिक भूमिसुधार भईरहेका गाउँको अभ्यास र तिनका सदस्यसँग छलफल गरी नयाँ अगुवामा सिकाई बढाउने र उर्जा थप्ने ।

२. दैलेख, सुर्खेत र डडेल्धुराको एक एक गाविसको एक एक वडामा गरिदैं आएको सामुदायिक भूमिसुधारको कार्यलाई प्रभावकारी बनाउने ।

**भ्रमणको व्यवस्थापन :**

एक हप्ताका लागि आयोजना गरिएको अध्ययन भ्रमणलाई उपलब्धिमूलक बनाउन तीन ओटै ठाउँमा हुने कार्यक्रमको बिस्तृत योजना तय गरि माघ २६ गते नै सहभागिलाई जानकारी गराईएको थियो । अध्ययनका क्रममा समुदायसंगको घुलमिल र बिश्वसनियता बढाउन तथा आन्दोलनको संस्कार समेत बुझाउन समुदायमै खाना बासको व्यवस्था मिलाईएको थियो । यसले सहभागिलाई नयाँ कुरा सिक्न र छलफल गर्नका लागि समय वा अन्य कारणले सिमिति गरेको थिएन ।

सामुदायिक भूमि सुधारको पृष्ठभूमि र हालको कामलाई बुझाउन दाङमा जिल्ला संयोजक रेमन्त चौधरी, अभ्यासकर्ता सुनिल चौधरी र जिल्ला मञ्चका सचिव हरिनारायण चौधरीले सघाउनु भएको थियो । त्यस्तै महोत्तरीमा क्षेत्रीय संयोजक कुमार थापा, जिल्ला मञ्चका अध्यक्ष फौदसिंह स्याम्बा, सचिव राजकुमार बस्नेत र अभियानकर्ता राजेन्द्र महतोले सघाउनु भएको थियो । सिन्धुपाल्चोकमा अभ्यासकर्ता रन्जना तामाङ र सिता भुजेलले सघाउनु भएको थियो ।

पहिलो दिनमै कार्यक्रमको उद्देश्य, अपेक्षित परिणाम र खर्चबारे पनि जानकारी गराईएको थियो । यसले सहभागिहरुलाई भूमि अधिकार आन्दोलनको स्रोत व्यवस्थापन प्रक्रिया समेत बुझ्न मद्दत पुगेको थियो । भ्रमणका क्रममा सबै सहभागिले आफ्ना कुरा राख्न सक्ने गरि सिकाई भ्रमणमा बिषय र ठाउँ अनुसार सहजीकरणको जिम्मेवारी बिभाजन गरिएको थियो । यस प्रक्रियाले भ्रमणमा सहभागिले सहजीरकण गर्ने

मौका समेत पाएका थिए । दैनिक समिक्षा गरि सिकाई रआफ्नो क्षेत्रमा गर्न सकिने सम्भावनामा छलफल भएको थियो ।

| स्थान | अध्ययन गर्ने बिषय | जिम्मेवारी | जिम्मेवारको पृष्ठभूमि |
|---|---|---|---|
| दाङको बाँकी र गाबिस | बाँझो जग्गाको उपयोग र जोत भोगको प्रमाण पत्र | नरी राम लोहार | भ्रमण टोलीमा सहयोगी |
| महोत्तरीको लक्ष्मिनिया गैरीगाउँ | प्रतिपर्धात्मक खेती | कमल रोकाया | कृषि प्राबिधिक र कृषि समुहमा काम गरिरहेको |
| महोत्तरीको लक्ष्मिनिया थापापुर | बाँझो जग्गाको उपयोग | मिना भाट | सामुदायिक भूमि सुधारको अभ्यासकर्ता |
| महोत्तरीको किसाननगर | बाँझो जग्गाको उपयोग, संयुक्त पुर्जा, गाउँ ब्लक नापी | गीता ज्ञवाली | सामुदायिक भूमि सुधारको अध्ययनकर्ता |
| सिन्धुपाल्चोकको राम्चे पखेरा | बालीचक्ला | रमा वली | भूमि आन्दोलनको अगुवा |
| सिन्धुपाल्चोकको राम्चे ठोट्नेरी | सामुदायिक बनको बाँझो जग्गा उपयोग | हर्कमति कार्की | सामुदायिक बनको पनि जिम्मेवार पदमा रही काम गरिरहेको |
| सिन्धुपाल्चोकको राम्चे पात्ले | गुठी संघर्ष र सामुहिक खेती | महेन्द्रनाथ योगी | गुठी समस्या भोगेको र आन्दोलनमा पनि सक्रिय |
| भूमिघर काठमाण्डौं | प्रतिबेदन तयार र प्रस्तुती | दिगम्बर ओझा | सामुदायिक भूमि तथा कृषि सुधार अभियानमा बढी सक्रिय अगुवा |

**अध्ययन भ्रमणको आचारसंहिता :**

- हामी सिक्ने र सिकेको कुरालाई आफ्नो संगठनमा लागु गर्ने अठोट बोकर आएका छौं । देखेका र सुनेका हरेक कुरालाई सकारात्मक रुपमा बुझ्ने र लेख्ने छौं । नयाँ काम कसरी सम्भव भयो भन्ने प्रक्रियाबारे बढी चासो दिई आफुमा ज्ञान, सीप बढाउनेछौं ।
- हामी भूमि र कृषिका सन्दर्भमा परिवर्तन भएको कुरा देख्नेछौं । त्यो परिवर्तन हुनुमा के कस्तो प्रयास भयो ? चुनौती कस्ता आए ? चुनौतीलाइ कसरी समाधान गरियो ? समुदायले के फाईदा पाएका छन ? भन्ने कुराको अध्ययन गरि आफ्नो समुदायको सम्भावनाबारे सोच्ने र एक अर्कामा जानकारी आदान प्रदान गर्ने छौं ।

- हाम्रो बसाई, छलफल प्रक्रिया सामान्य अवस्थाको हुनेछ । ब्यवस्थापन भन्दा सिक्ने कुरालाई महत्व दिनेछौं । भ्रमणका क्रममा आएका कठिनाईहरुलाई स्वभाविक रुपमा स्वीकार गर्ने छौं । परिस्थितिको सामाना गर्दै सिक्ने र अगाडी बढ्ने हाम्रो मान्यता कायम राख्नेछौं ।
- हाम्रो भ्रमण ज्ञान, सीप, सम्बन्ध बढाउन र सामाजिक आन्दोलनका मुल्य, मान्यता बुझ्नका लागि हो । हामी जे सिक्छौं, त्यो नै हाम्रो सम्पत्ति हुनेछ । तत्कालीन आर्थिक फाईदालाई हामी महत्व दिने छैनौं ।

**भ्रमणको प्रस्तावित खर्च :**

| क.सं. | खर्च शिर्षक | रकम |
|---|---|---|
| १ | घरदेखि (डडेल्धुरा,सुर्खेत, दैलेख) लमहीसम्म पुग्दाको सहभागिलाई खाना र बसभाडा | ७००० |
| २ | भ्रमण अवधीको स्थानिय बसभाडा | २००० |
| ३ | ७ दिनका लागि सुमो रिजर्भ (दैनिका ४५०० का दरले) | ३१५०० |
| ४ | गाडीमा डिजल -अनुमानित२०० लिटर) | २०००० |
| ५ | काठमाण्डौं देखि सहभागि फिर्ता पठाउँदा खाना र बसभाडा | १४००० |
| ६ | दैनिक खाना खर्च (७ दिनको ४०० का दरले ९ जना) | २५२०० |
| ७ | दैनिक खाजा खर्च (७ दिनको २०० का दरले ९ जना ) | १२६०० |
| ८ | बास खर्च (७ दिन २००० का दरले) | १४००० |
| ९ | स्टेश्नरी | १००० |
| १० | सञ्चार खर्च | ५०० |
| ११ | अन्य, भैपरिआउने खर्च | ३००० |
| | **जम्मा** | **१,३०,८००** |

**शुरुवातमै नयाँ अनुभव :**

सहभागिहरु लमही पुग्दा साँझको ६ बजी सकेको थियो । एक घण्टा भन्दा बढी कच्ची बाटो हिंडेपछि बाँकी गाउँ भूमि अधिकार मञ्चमा पुग्यौं । पुग्नासाथ संगठनका सदस्यहरु फूल र टिका लिएर स्वागत गर्न आए । त्यो टिका र फूलसित संगठनका सदस्यहरु बीचको आत्मीय सम्बन्ध जोडिएको महसुस भईरहेको थियो । त्यसको लगत्तै सालका पातले बनाईएका टपरीमा भुटेको मकै र कालो चिया खाजाको रुपमा आयो । नयाँ सहभागिलाई खाजा भन्दा टपरीले आकर्षित गरिरहेको थियो । सुत्न पुरुषका लागि भूमिघरमा र महिलाका लागि संगठनका सदस्यको घरमा ब्यवस्था गरिएको थियो । जिल्ला भूमि अधिकार मञ्चका सचिव हरिनारायण चौधरी भन्दै थिए, बिहान शौचालयका लागि जुन घरमा गएपनि हुन्छ । सबै हाम्रो संगठनका सदस्यहरुका घर हुन । यसबाट महसुस हुन्थो कि, उनीहरुमा एकता छ ।

मेलमिलाप छ । बिहान खाना खाएर बाँझो जग्गामा गरिएको खेती हेर्न जाँदा १० जनाजतिलाई बोलाईएको रहेछ । तर त्यहाँ सय भन्दा बढी उपस्थित भएपछि भ्रमणका सहभागिलाई अचम्म लाग्यो । हाम्रो ठाउँमा १० जना जुटाउन पनि गाह्रो हुन्छ भने यहाँ कसरी बिना जानकारी यतिका मान्छे सहभागि भए ? उनहिरुले महसुस गरि सकेका थिए, भूमि अधिकार मञ्चको एउटा फरकपन यही हो ।

**बाँझो जगगाको उपयोग र न्यायीक बाँडफाँड :**

गंगापरस्पुर गाबिस भित्र भूमि अधिकार मञ्चको अगुवाईमा ३ ठाउँमा ५३ बिघा १८ कट्ठा बाँझो जग्गा उपयोग गरिएको छ । घरवास समेत नभएका पुर्व कमैया, सुकुम्बासीहरुले नदी किनारमा रहेको बाँझो जग्गामा खेती गरि उत्पादन बढाईरहेका छन । जग्गाको बाँडफाँड आफैले गरेका छन । उनीहरुले कसैलाई अन्याय नहुने गरि राम्रो र कमसल जग्गा छुट्याए । त्यसपछि सबैलाई राम्रो र कमसल दुबैतिर भाग लगाए । कसलाई कता दिने भन्ने बिषयमा बिवाद भयो । उनीहरुले भाग लगाई सकेपछि जगामा १,२ गरी नम्बर राखे । त्यही अनुसार कागजमा नम्बर राखेर गालो पारे । त्यसलाई संगठनका सदस्यहरुले लिए । आफ्नो भागमा जति नम्बरको कागज पर्‍यो । त्यही नम्बरको जग्गा उसको भयो । यसरी बाँड्दा कसैले भेदभाव भएको महसुस गरेनन । सो जगगामा धान, अर्सि लगाईएको छ । जग्गा कमाउन पाएपछि जिविका चलाउन सहज भएको छ ।

**संगठनप्रतिको बुझाई र योजनामा स्पष्ट :**

गांगापरस्पुरका भूमिहीनहरुको अभियान केवल जग्गाको उपयोगमा सिमित छैन । अवको योजना भोग गरेको जग्गाको गाबिसबाट प्रमाण लिने । कर तिरेर रसिद लिने र त्यसपछि दर्ताका लागि मालपोत केन्द्रित आन्दोलन गर्ने छ । संगठीत भएपछिको अनुभव सुनाउँदै एक महिला सदस्यले भने, पहिला पहिला जमिन्दारले हप्काउँदा डराउँथ्यौं । अहिले संगठीत भयौं । आफ्नो अधिकारका लागि आफै लड्नुपर्छ भन्ने बुझ्यौं । एकजुट भयौं । हामी बलिया भएका छौं । अगुवा सहनशील र सदस्यहरुलाई बुझाउन सक्ने हुनुपर्छ । संगठन आफै बलियो हुन्छ । हामीले पनि संगठन बनाउँदा कसैले बिश्वास गर्दैनथे । बैठकमा सबै सदस्य आउँदैनथे । केही दिन त अनुपस्थित हुनेलाई जरिवाना पनि गरियो । कसैले बैठकको दिन बाहिर जानु परेमा संगठनलाई जानकारी दिएर जानु पर्ने नियम बनायौं । अहिले सबैले बुझेका छन । नियमित बैठकमा आउँछन । जरिवाना गर्ने नियम हटाईदियौं । बाहिर जाँदा जानकारी दिने चलन अहिले पनि छ ।

उनीहरु अन्य आयबृद्धिका काममा पनि संलग्न हुन थालेका छन । सहकारी बनाएर मासिक ५० रुपयाँका दरले बचत गर्छन । बचत ४७ हजार पुगेको छ । १ लाख १५ हजार बराबरको श्रमदान र स्थानिय स्रोत जुटाएर भूमिघर बनाईएको छ । जहाँ सहकारीको कार्यालय पनि राखिएको छ । बैठक, छलफल त्यही भूमिघरमा हुन्छ । संगठनमा कुनै ब्यक्ति आउँदा त्यही घरमा बस्ने ब्यवस्था गरिन्छ । २१ जनाले जोतभोगको आधार प्रमाण पत्र लिईसकेका छन । ६ जनाले ८ कट्ठा जग्गामा सामुहिक खेती गरेका छन । केही सदस्यहरुले बंगुरपालन पनि गरेका छन ।

**जोतभोगको प्रमाणका लागि संघर्ष र उपलब्धि :**

दाङको गंगापरस्पुरमा गाउँ भूमि अधिकार मञ्च गठन भएपछि लामो समयदेखि ऐलानी जग्गा भोग गर्दै आएका परिवारले जोतभोगको प्रमाण लिने निर्णय गरि २०६६ भदौ १ गते ७ सय २३ परिवारले एकै पटक निबेदन दिए । शुरुमा गाबिसले प्रमाण दिन मानेन । गाउँ मञ्चले भेला, बैठक, सभा गरि दवाव दिएपछि सर्वदलिय बैठकबाट छानबीन गरि जोतभोगको प्रमाण दिने सहमति भयो । भेला गाबिस भवन अगाडीको चौरमा हुन्थ्यो । भूमिहीनको सहभागिता देखेर गाबिस सकारात्मक हुँदै गयो ।

आन्दोलन र सवालबारे बुझिसकेपछि गाबिसले पनि ३/४ पुस्ता अघिदेखि कमाई आएको जग्गा दर्ता हुन नसकेको कुरालाई समस्याकै रुपमा लियो । छानबीन गरि जोतभोगको प्रमाण दिन सर्वदलिय समिति बनायो । त्यो समितिले ऐलानी भोग गरेका परिवारलाई जोतभोगको प्रमाणका लागि निबेदन दिन सुचना जारी गर्‍यो । निबेदन आएपछि छानबीन गर्न अर्को समिति बन्यो । छानबीन समितिले वार्ड अनुसार छानबीनको योजना बनाई समुदायमै गई जग्गाको क्षेत्रफल र चारकिल्ला पत्ता लगायो । त्यसपछि बन जंगल र सार्वजनिक कामका लागि छुट्याएको जग्गा (कुलो, गौचरन, साँध सिमाना) बाहेक खोलाको छेउ वा अन्य ठाउँमा बसेका परिवारलाई जोतभोगको प्रमाण दिने निर्णय गर्‍यो । पहिलो चरणमा ५ कट्ठा भन्दा कम जग्गा भएकालाई प्रमाण दिने सहमति अनुसार त्यस्ता परिवारले जोतभोगको प्रमाण लिईरहेका छन । जोतभोगको प्रमाण पत्र दिँदा गाबिसले ६० रुपयाँ दस्तुर लिने गरेको छ । त्यो रकमबाट भूमिहीन, सुकुम्बासीकै पक्षमा काम गर्न छुट्टै खाता खोलिएको छ । छानबीनका क्रममा सर्वदलिय टीम परिचालन गर्न गाबिसले बजेट पनि छुट्याउने गरेको छ ।

**तरकारी खेतीबाटै धनी भए, बिष्णुदेव महतो :**

बाबुको सम्पत्तिबाट एक कट्ठा मात्र जग्गा पाएका महोत्तरीको लक्ष्मिनिया गैरीगाउँका बिष्णुदेव महतो अहिले डेढ बिघा जग्गाका मालिक छन । खेती बाहेक उनको अरु ब्यावशाय छैन । खेतीबाटै उनको जिविका चलेको छ । यति मात्र होईन छोरीलाई जनकपुरमा एमबिबिएस पढाईरहेका छन भने साना छोराछोरी पनि निजि बिद्यालयमा पढीरहेका छन । उनको वार्षिक १० लाख कमाई छ । ४ लाख भन्दा बढी नाफा हुन्छ । यति प्रगतीको कारण हो उनले गरेको प्रतिस्पर्धात्मक खेती ।

उनले डेढ बिघा जग्गामा खेती गर्छन । एउटै समय उएटै गाह्रामा मसुरो, आलु, काउली, अर्सी, उखु लगाउँछन । गएको एक सिजनमा उनले ८५ हजारको सिमि, ७५ हजारको काँक्रा र भान्टा, ४५ हजारको झिम्नी बेचेछन । काँक्रा र झिम्नीको बिउमात्र १९ हजारको बेचेछन । चार प्रकारको उखु लगाएका छन । उनले लगाएका उखुमा COG -85, 88232, COG-64, 8436 गरि चार जातका छन । जुन राम्रो फल्यो त्यसैलाई बढाउने योजना छ । COG -85 मोटो र खानलाई मिठो हुन्छ । 88232 आँख्ला लामो, खानका लागि नरम र मिठो हुन्छ । COG-64 लामा आँख्ला भएको पातलो हुन्छ । 8436 छोटा आँख्ला भएको हुन्छ । ढल्दैन । अर्को वर्ष जुन जातले बढी उत्पादन दियो, त्यही बढी लगाउने सोच छ । उनले १ कट्ठा जग्गामा ७० क्वीन्टल उखु फलाउँछन । ५ लाख खर्च गरेर सिचाईका लागि ईनार बनाएका छन । उनको खेत र घरको बीचमा अरुको जग्गा परेकाले ईनारमा पानी तान्न सकिएको छैन । घुमाउरो बाटो भएरपनि तार बिजुलीको लिएर पानी तान्ने उनको योजना छ । यस वर्षको आम्दानीबाट १ लाख पानी तान्नमा खर्च गर्ने सोच छ । आफुसंग भएको जग्गाको संयुक्त लालपुर्जा बनाई श्रीमतिको पनि जग्गामा हक कायम गराएका छन ।

यति प्रगती गर्नुको कारण आफ्नै मिहेनेत र भूमि अधिकार मञ्चले कृषि तालिमका लागि गरेको सहयोग थियो । बाबुबाट अलग भएपछि उनले आफ्नो भागमा आएको एक कट्ठा जग्गामा तरकारी लगाएर ८ हजार कमाए । त्यो पैसाले २ कट्ठा जग्गा थपे । दोस्रो वर्ष २० हजारको तरकारी बेचे । यसरी वर्षेनी आम्दानी बढाउँदै जग्गा किन्दै गए । अहिले उनले प्रतिस्पर्धात्मक खेती गर्ने तालिम पाएपछि झन आम्दानी बढीरहेको छ ।

**फेरिदैछ, मडाहाखोला :**

बगरमा खेती हुन्छ भन्दा कसैले बिश्वास पनि गरेका थिएनन । भूसंरक्षण कार्यालयमा नदी नियन्त्रण र बगरको उपयोगको कुरा गर्दा वाह्यात कुरा ठानिन्थ्यो । अहिले त्यही बगर खेतमा परिणत भएको छ ।

महोत्तरी जिल्लाको लक्ष्मिनियाँ गाबिस १ मा पर्ने थापापुरमा ३० बिघा जग्गा मडाहाखोलाको किनारमा छ । त्यहाँको सात बिघा जग्गा कोपिला भूमि अधिकार मञ्चले उपयोगमा ल्याएपछि २० बिघा जग्गा अरुले उपयोग गरिसकेका छन । बालुवा गिट्टी निकाल्न प्रयोग भएको खोलामा अहिले अन्न फल्न थालेको छ । गाबिसको सहयोगमा सिचाईका लागि बोरिङ राखिएको छ भने तटबन्ध निर्माण्का लागि पनि गाबिसले सहयोग गरेको छ । गाबिस, भूसंरक्षण कार्यालय र जिल्ला भूमि अधिकार मञ्च मिलेर नदी नियन्त्रण गर्ने योजन ाबनेको छ । उखु, आँप, अरहर, परवल, लिचि लगाईएपछि उजाड देखिने बगर हरियो भएको छ ।

**हाम्रो घरमा पनि कोठी भकारी भयो :**

लक्ष्मिनियाँ १ थापापुरकी रामकुमारी सदाले खेती गर्न थालेपछि भारतमा रोजगारी गर्न गएका उनका श्रीमान घर फर्केका छन । छोराछोरी बिद्यालय जान थालेका छन । उनी मात्र हैन । कोपिला भूमि अधिकार मञ्चमा आवद्ध २३ परिवार नै खेतीमा लागेपछि जिविका चलाउन सजिलो भएको छ । यस्तो खेतीका लागि उनीहरुसित खेत छैन । त्यही मडाहा खोलाको बगरमा खेती गरेका हुन । बगरको ७ बिघा जग्गालाई मञ्चमा आवद्ध २३ सहित ३४ परिवारले साढे चार कट्ठाको दरले बाँडेर खेती गरेका छन । बालुवा चालेर, दाउरा बेचेर गुजारा गर्ने परिवार अहिले तरकारी बेच्न थालेका छन । वर्षरभरीका लागि मकै र दाल आफै उत्पादन गर्छन । बगर उपयोग हुनुभन्दा अगाडी काम नपाउँदा भोकै पनि बस्नु पर्थ्यो । अहिले त्यो अवस्था छैन । काम पाएको बेला किनेर खान्छन । नपाएको बेला आफ्नो उत्पादन खान्छन । आफ्नो उत्पादन भोकमारी हुने, ज्याला नपाउने, आफनै काम गर्नु पर्ने समयका लागि थन्काउँछन । उनीहरुलाई सबभन्दा बढी खुशी केले दिएको छ ? भन्दा जवाफ दिन्छन, हाम्रो घरमा पनि कोठी भकारी छ अहिले । गाबिसभरीका भूमिहीन महिला मिलेर कृषि सहकारी बनाएका छन । शुरुमा ५ रुपयाँ बचत गर्थे । पछि २० रुपयाँ बनाए । अहिले मासिक १०० बचत गर्छन । १ सय १ जना सदस्य भएको सहकारीमा १ लाख २ हजार बचत संकलन भएको छ ।

**आफ्नै संघर्षबाट उत्साहित समुदाय :**

लक्ष्मिनिया १ थापापुरका ३३ परिवासित आफ्नो स्वामित्वमा जग्गाको एक टुक्रा पनि छैन । अरुको जग्गामा छाप्रा हालेर बस्ने । ज्यालामजदुरी गरेर जिविका चलाउने मैं थियो उनीहरुको जिन्दगी । २०६६

मा कोपिला गाउँ भूमि अधिकार मञ्च गठन भयो र सिकाई केन्द्र चल्न थाल्यो । उनीहरुले सिकाई केन्द्रमा आफ्नो नाम, गाउँको नाम लेख्न र भन्न सिके । त्यसपछि गाबिसबाट आफुले पाउन सक्ने सुबिधाको बिषयमा थाहा पाए । मुख्य समस्या खान लाउनकै थियो । कसरी जिविका चलाउने भन्ने कुरा उठेपछि स्रोत नक्सा बनाईयो । नक्सामा छलफल गर्दा मडाहा खोलामा ३० बिघा बगर देखियो । त्यहाँ पानीले क्षति नहुने र अरुले बिवाद गर्न नसक्ने ठाउँ पत्ता लगाएर ७ बिघा जग्गा उपयोग गर्न गाबिसमा सहमति गराए । जिल्ला भूमि अधिकार मञ्चले बिउबिजनका लागि सहयोग गर्‍यो । गाबिसले तटबन्धका लागि ३० हजार र बोरिङ राख्न ३० हजार सहयोग गर्‍यो । नदी किनारमा रोप्न जिल्ला भूसंरक्षण कार्यालयले बिरुवा र तारजाली उपलब्ध गराएको छ । संगठीत भएपछि शक्ति र सहयोग जुटेकोमा उत्साहित छन ।

उनीहरुले सहजै यति गर्न सकेका होईनन । जमिन्दारहरुले आफ्नो गौचरन भनी बिरोध गरेका थिए । खेती गर्न नदिने षडयन्त्र रचेका थिए । संगठीत भएर लडेपछि अरुको केही लागेन । डेढ वर्ष संघर्ष गरेर गाबिसबाट सो जग्गा भोग गरेको प्रमाण पनि लिई सकेका छन । प्रमाण लिएपछि बिरोध भएको छैन । खोलाबाट बालुवा गिट्टी निकाल्नेहरुले बिवाद गरका थिए । बाँझो जग्गाको उपयोग गर्दा अभियानकर्ता राजेन्द्र महतोले भोगेका चुनौती पनि कम छैनन । उनलाई एकपटक नचिनेका युवाहरुले मोटर साईकिलमा बसाएर घुम्न जाने भने । उनलाई अपहरण गर्ने वा अरु ठाउँमा लगेर कुट्ने योजना हो कि भनी शंका लागेर गएनन । त्यसपछि उनीहरुले राजेन्द्र महतोलाई घरमै गई गाली बेईज्ती गरे । त्यस घटनामा संलग्नलाई कारवाहीको माग गरि राजेन्द्र महताले ईलाका प्रहरी कार्यालयमा मुद्दा हाले । ठूलो समुहमा आएर संगठनका बिरोधीहरुले प्रहरीलाई राजेन्द्रको बिरुद्धमा निर्णय गर्न दवाव दिए । प्रमाण राजेन्द्र महतोको पक्षमा भएकाले आफुलाई कुनै समस्या भए धम्की दिने ब्यक्तिहरु जिम्मेवार हुनुपर्ने कागज बनाउन सफल भए । त्यपछि मात्र काम गर्न सजिलो भएको थियो ।

लक्ष्मिनियाँमा गासिमा १५ जनाको भूमि अधिकार सञ्जाल छ । त्यसले गाबिसको स्रोतमा दावी गर्ने, २/३ महिनाको अन्तरमा गाबिस स्तरीय छलफल, अर्न्तक्रिया गरि भूमिहीनका समस्या उठाउने गर्छ । अहिले त्यस गाबिसमा गाउँ ब्लक जग्गा नापी हुदै छ । जग्गा नापी गर्दा भोग गरेको सालदेखि प्रतिवर्ष एक सय रुपयाँको दरले कर लिने निर्णय भएको थियो । त्यहाँ २०२७ सालदेखि बसेका बस्ती छन । उनीहरुले एक सयका दरले ४ हजार ३ सय तिर्नुपर्ने हुन्थ्यो । मञ्च मार्फत गरीब समुदायले तिर्न नसक्ने कुरा उठाईएपछि वार्षिक १० रुपयाँ तिर्नुपर्ने सहमति भएको छ । अहिले ४ सय ३० रुपयाँ तिरेर जग्गा नापी गराउन सक्ने भएका छन । यस गाबिसका ३२ जोडीले संयुक्त लालपुर्जा बनाएका छन । गरीबहरु आफै संघर्षमा जुटेपछि गाबिस तहका नेता पनि उनीहरुको पक्षमा छन ।

## थकाई मार्ने ठाउँ पाईएको छ

अर्काको घरमा भाडा तिरे बस्दा २/४ सय ऋण लिनु पर्‍यो भने भाडामा बस्नेको बिश्वास हुँदैन । यिनहिरु घर छोडेर कहीं पनि जान सक्छन भन्थे । दुःख बिराम पर्दा उपचार गर्न न आफुसित पैसा हुन्थ्यो । न कसैले सहयोग गर्न चाहन्थे । जव आफ्नो घर भयो । त्यसपछि जीवन नै फेरिएको छ । स्थायी बसोबास भएपछि ऋण लिन कठिन छैन । ज्याला मजदुरी गरेपनि बेलुका आएर थकाई मार्न पाईएको छ । मासिक घरभाडा तिर्नु नपर्दा पैसा बचत भईरहको छ । यो भोगाई हो किसाननगर ९ महोत्तरीका शोभा बि.क. को ।

उदयपुरको गरीब परिवारमा जन्मेकी शोभा बि.क. को बिवाह पनि गरीबसंगै भयो । जिविका चलाउन कठिन भएपछि ज्यालामजदुरी गर्न बर्दिवास झरे । त्यहाँ डेरा गरेर ज्याला मजदुरी गरी जिविका चलाउँथे । स्थायी ठेगाना नभएकाले उनलाई सघाउने र बिश्वास गर्ने कोही थिएन । २०६८ सालमा उनलाई चारघरे भूमि अधिकार मञ्चको बिषयमा थाहा भयो । उनले मञ्चमा आएर आफुलाई पनि बस्न दिन आग्रह गर्नु भयो । वास्तविक सुकुम्बासी हो कि होईन भन्ने बिषयमा मञ्चले चाँडै बिश्वास गर्ने कुरा थिएन । पुर्खौली गाउँमा गई सुकुम्बासी भएको प्रमाण ल्याएपछि उनलाई संगठनमा बस्न दिईयो । अहिले २ कट्ठाजति जग्गा छ । त्यसमा बाँसले बनाएको घर छ । बाँकी रहेको जग्गामा तरकारी लगाईएको छ । बच्चको खुट्टामा चोट लाग्दा उनले संगनबाट २ हजार ५ सय सहयोग पाउँदाका दिन स्मरणीय छ उनलाई । संगठनमा नहुँदा हजार रुपयाँ पनि कसैले पत्याउँदैनथे । शोभाको भनाई छ, गरीबका लागि आमा, बुवा, सरकार सबै संगठन मात्र हो ।

**दाईजो पाए जस्तो लाग्यो**

किसाननगरकी कबिता कार्की पनि गरीब परिवारमा जन्मेकी हुन । उनका श्रीमान सोझा राम्ररी बोल्न समेत नसक्ने छन । उनीसंग साढे दुई कट्ठा जग्गा थियो । कबिता कार्कीले सोझा श्रीमानलाई साथ दिदैनन होला भन्ने समाजको बुझाई थियो । तर उनमा त्यो सोच नै थिएन । यस्तो समाजिक बुझाईका सामु संयुक्त पुर्जा बनाउने प्रस्ताव राख्नु नै कबिता कार्कीका लागि चुनौती थियो । तथापी उनले आफ्ना श्रीमानसित प्रस्ताव राखिन र संयुक्त पुर्जा बन्यो । लालपुर्जा बनाएको दिन उनलाई दाईजो पाएको महसुस भयो । जवकी बिहेमा उनले दाईजो पाएकी थिईनन । सोही ठाउँकी गंगामाया सापकोटालाई पनि संयुक्त लालपुर्जा बनेपछि पुरुष सरह अधिकार पाएको महसुस भयो छ । उनको भनाई छ, जवसम्म जग्गा श्रीमानको मात्र थियो, धेरैकुरा सहेर बस्नुपर्छ भन्ने लाग्थ्यो । अहिले लालपुर्जामा आफ्नो नाम समावेश भएपछि एक्लै पनि बाँच्न सक्छु भन्ने लागेको छ । आफुले पनि माटोको हक पाएकोमा खुशी लागेको छ । कबिता कार्की र गंगामाया सापकोटा जस्तै ६२ परिवारले संयुक्त लालपुर्जा बनाएका छन । यसबाट महिला मात्र नभई पुरुष समेत खुशी छन । संयुक्त पुर्जा बनाउनमा अभियाकनर्ता सरिता बस्नेतको महत्वपूर्ण भूमिका छ । उनले संयुक्त पुर्जाको कुरा गर्दा यस्ता कुरा नगर्नु । हामीले मिलेरै खाएका छौं । किन दोहोरो खर्च गर्ने ? जस्ता कुरा सुनाउँथे । उनले आफ्नो घरबाट शुरुवात गरिन । ६५ वर्षका ससुराको नाममा भएको लालपुर्जामा ६० वर्षीया सासुको नाम राखेपछि उनी अरुलाई बुझाउन सफल भईन ।

**जग्गामा स्वामित्व पाएपछि बदलिएको जीवन :**

किसाननगरका गण बहादुर क्यापछापी झ्यालमा सिसा भएको दुईतले पक्की घरमा बस्छन । यसअघि उनी गाउँ ब्लक जग्गामा छाप्रो हालेर बस्दै आएका थिए । गाउँ ब्लक जग्गा नापी भएपछि उनले १० धुर जग्गाको लालपुर्जा पाए । यसले उनलाई काम गर्न जाँगर थप्यो । प्रगती गर्ने अवसर आए । डेढ लाख नगद लगानी र आफ्नै मिहिनेतमा दुई तलाको पक्की घर बनाए ।

पुर्खौली जमिनको टुक्रासम्म नभएका गण बहादुर क्यापछापी २५ वर्ष हरुवा बसेका मान्छे हुन । जमिन्दारले उनलाई ५ कट्ठा जमिन दिने शर्तमा काम गरायो । तर दिएन । गाउँ ब्लकको सानो जग्गामा बसायो । जमिन्दारकै घरमा उनको बिवाह भयो । बिवाहपछि झन समस्या हुन थाल्यो । उनी हरुवा काम छोडी ज्यालामजदुरी गरेर गुजारा चलाउन थाले । यही क्रममा उनी चारघरे गाउँ भूमि

अधिकार मञ्चमा संगठीत भए । संगठन मार्फत गाउँ ब्लक जग्गा दर्ताको आवाज उठाईयो । त्यस बस्तीका अधिकाँश परिवार २०२७ सालदेखि गाउँ ब्लक जग्गा भोग गर्दै आएका थिए । भोग गरेको जग्गा दर्ता भएपछि जग्गाको स्वामित्व हुनुका साथै पहिचान पनि बढेको छ ।

**संघर्षका लागि असल नेतृत्व :**

गाउँ ब्लकमा बसेका गरीबहरुलाई गाबिस सचिवले हप्काएको देखे पछि अमर बहादुर कार्कीलाई असहय भयो । उनले अरु सुकुम्बासीलाई पनि गाउँ ब्लकमा बसाउने सोच बनाए । यसका लागि जिल्ला भूमि अधिकार मञ्चमा सल्लाह गरि योजना बनाए । शुद्ध सुकुम्बासीहरुको पहिचान गरियो । बस्तीमा १८ परिवार शुद्ध सकुम्बासी देखिए । राजनीतिक दलका नेताहरु समेत बोलाई गाउँ ब्लकभित्र परेको खाली जग्गामा उनीहरुलाई बसाउने योजना बन्यो । गाबिस सचिवलाई अतिथि बनाई १८ परिवारलाई गाउँ ब्लकको जग्गामा बसाईयो । त्यसपछि जोतभोगको सिफरिस लिन गाबिसमा गए । सचिवले दिन मानेनन । कार्यालयमा ताला लगाएर सचिवलाई थुनेपछि सिफारिस दिने सहमति भयो ।

त्यसको केही समयपछि बिरोधीले बन मासेको आरोप लगाई बन कार्यालयमा मुद्दा हाले । त्यो समस्या समाधान गर्न अमर बहादुर कार्की बृक्षारोपण गर्ने योजना लगेर जिल्ला बन कार्यालयमा गए । बन कार्यालयले ८ हजार बिरुवा उपलब्ध गरायो । मुद्दा स्वतः निश्क्रिय भयो । ८ बिघा जग्गामा लिप्टिसका बिरुवा लगाईएका छन ।

मुद्दा निश्क्रिय भएपछि बिरोधीहरुले सुकुम्बासीलाई सहयोग नगर्ने षडयन्त्र गरे । कोही सहयोग माग्न जाँदा तिम्रो अध्यक्षसित माग्नु भन्न थाले । आफै आत्मनिर्भर कसरी हुने भन्ने बिषयमा मञ्चमा छलफल भयो । प्रत्येक परिवारले १/१ पसेरी(५किलो) धान उठाउने निर्णय गरे । हरेक वर्ष मंसिरमा धान उठाउँछन । यस वर्ष पनि २५ मन धान संकलन भएको छ । कसैलाई समस्या पर्दा धान ऋण दिन्छन र फसलका बेला धान नै असुल गर्छन । यसले उनीहरुको जिविका चलाउन सजिलो भएको छ । अहिले बिद्यालय ब्यवस्थापन समितिमा सदस्य हुनका लागि माग गरिरहेका छन । हातेमालो कृषि सहकारी संस्था बनाएर बचत गर्न थालेका छन । सामुहिक रुपमा माछा पालेर एक वर्षमा ९० हजार आम्दानी भएछ । बस्तीमा पक्की शौचालय छन । गैरसरकारी संस्थाहरुले सहयोग गर्छन भन्ने थाहा पाएपछि संस्थाहरुमा गएर तपाईहरुको सहयोग गरीबलाई किन हुँदैन भन्ने प्रश्न गरे । त्यसपछि युएनडिपीको सहयोगमा पक्की शौचालय बनेका छन । गरीबि निवारणले पनि सहयोग गरिरहेको छ ।

**उत्पादन बढाउन सामुदायिक भूमि सुधार :**

खाडी मुलुकको रोजगारीबाट जिविका चलाउँदै आएका सिन्धुपाल्चोकको राम्चे गाबिसमा पर्ने पखेराका थामी परिवार खेतीपातीलाई जिविकाको बिकल्प बनाउन थालेका छन । आफ्नो दर्ता जग्गा नभएका १० परिवार थामी अरुको जग्गा कमाउने गर्थे । जमिन्दारले मोही बेदखल गर्न थालेपछि उनीहरु बैदेशिक रोजगारीमा संलग्न हुन थालेका हुन । अहिले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र ग्रामीण बिकास समाजको सहयोगमा सामुदायिक भूमि सुधारको अभ्यास हुन थालेपछि खेतीतिर अर्कषित भएका छन । कसैले आफुसंग भएको जग्गामा खेती गरेका छन भने कोही एक बालीको अधिया बुझाउने गरि जमिन्दारको जग्गामा खेती गरिरहेका छन । उब्जनी नहुने ठानिएको पाखो जग्गामा तरकारी र च्याउँ

उत्पादन गरेका छन । पोखरी निर्माणका लागि सहयोग पाएपछि तरकारी उत्पादन गर्न सजिलो भएको छ । गाउँमै उत्पादन बढाउन सके बिदेशिनु पर्ने बाध्यता हट्ने उनीहरुको अपेक्षा छ ।

उत्पादन बढाउने काम संगै मोही हक लिन पनि संघर्ष गरिरहेका छन । उनले कमाउने जग्गाका धनी गाउँमा बस्दैनन । खेती पनि गर्दैनन । सुनकोशी नदीको छेउमा रहेको सो बस्ती नजिकै हाईड्रो पावर बनेपछि जग्गा महंगो भयो । अरु ब्यावशाय गर्न सकिने सम्भावना देखेर जग्गाधनीहरुले मोही बेदखल गर्न थाले । २०२१ सालदेखि दर्तावाल मोहीको रुपमा जग्गा कमाउँदै आएपनि जग्गाधनीहरुले २०४५ साल र २०५३ सालमा बेदखल गरे । अहिले बेदखल गर्ने कार्य बिरुद्ध संगठीत भएका छन । जग्गाधनीले मोही हैन भन्ने खालका झुटा प्रमाण बनाउन सक्ने भएकाले आफु मोही भएको प्रमाण बनाउन गाबिसबाट जोतभोगको आधारपत्र लिन थालेका छन । यस्तै राम्चे ठोट्नेरीका किसान सामुदायिक बन, बाँझो रहेको खाली जग्गामा अलैंची, अम्रिसो, तथा फलफूल खेती गरि आयबृद्धिमा लागेका छन ।

**बदलिएका किसान र गुठी संघर्ष :**

राम्चे ९ पाल्लेका किसान यसोदा रखाल खेतीपातीबाटै वर्षमा २ लाख कमाउँछन । उनी मात्र नभई पाल्लेका अधिकाँश परिवार खेतीपातीबाटै आत्मनिर्भर बन्न थालेका छन । लालीगुराँश कृषि सहकारी संस्था मार्फत आयबृद्धिका काम गरिरहेका छन । गाई पालनबाट दैनिक २ सय ४० लिटर दुध उत्पादन गर्छन । सामुहिक रुपमा डेरी सञ्चालन गरेका छन । संगठनका सदस्यहरु मिलेर आफुसंग भएको जग्गामा चक्लाबन्दी खेती भईरहेको छ । गुन्द्रुक उत्पादन पनि ब्यावशायिक रुपमा भईरहेको छ ।

यो अवस्थामा आउन उनीहरुले कठिन संघर्ष गर्नु परेको थियो । ति किसानहरु गुठीको जग्गा कमाउँथे । वर्षेनी दशैंमा १० मानाको दरले तिरो उठाउनु पर्थ्यो । भोग गरेको जग्गामा उनीहरुको अधिकार थिएन । ब्यावशाय सञ्चालन गर्न पाउँदैनथे । २०३७ सालदेखि गुठी दर्ताको कुरा उठेपनि कसैले सुनेका थिएनन । २०५३ देखि यसले आन्दोलनको रुप लियो । गुठीलाई रैकर गराउन २० औं पटक गुठी संस्थान, भूमि सुधार मन्त्रालयमा डिलेगेशन जाँदा पनि केही भएन । त्यसपछि भूमि अधिकार मञ्चमा संगठीत भई १८ गाबिसका गुठीपिडित मिलेर जिल्ला प्रशासन र मालपोत कार्यालयमा ताला लगाएर धर्ना दिए । प्रमुख जिल्ला अधिकारीले भूमिको भूसम्म थाहा छैन भनेर पञ्छिन खोजे । आन्दोलन निरन्तर भएपछि मालपोत कार्यालयमा प्रतिपरिवारलाई ८ रोपनीका दरले मोहीयानी हक दिने सहमति भई निबेदन माग गरियो । ६ हजार ५ सय निबेदन दर्ता भए । त्यसपछि गुठीसंस्थानमा लगत हेर्न गए । लगत भेटिएन । उनीहरुले कमाएको गुठी काल्पनिक रहेछ । त्यो थाहा भएपछि मालपोतमा भएको सहमति नमानेर भोग गरेका आधारमा जग्गा रैकर गर्न माग गरि आन्दोलन चर्काए । पछि भोगकै आधारमा जग्गा दर्ता हुने भयो । २०६५ मा गुठी जग्गामा स्वामित्व पाए ।

गुठी रैकर हुनु अगाडी त्यहाँका किसानलाई जग्गाको लालपुर्जा नहुनु मात्र समस्या थिएन । लालपुर्जा भएका परिवारले गुठीमा बसेकालाई ऋण दिंदैनथे । खेती गर्न जाँगर थिएन । गुठीमा बसेकालाई अरुले छोरी दिन समेत मान्दैनथे । साहुबाट ऋण लिनु पर्दा घिउ, भाले, बोका चढाउनु पर्थ्यो । अहिले समस्या छैन । केहीले ८० रोपनी भन्दा बढी जग्गा समेत पाएका छन । लालपुर्जा बैंक, सहकारीमा राखेर ब्यापार ब्यावशाय गरेका छन । ८ जोडीले श्रीमान श्रीमतिको नाममा संयुक्त बनाएका छन ।

**अध्ययन भ्रमणपछि सहभागिहरुले आफ्नो क्षेत्रमा गर्न सक्ने सम्भावित काम :**

| डडेल्धुरा | सुर्खेत | दैलेख |
|---|---|---|
| आफ्नो क्षेत्रमा भएका भूमिहीन, सुकुम्बासी, ऐलानीमा बस्नेहरुको तथ्यांक लगत लिई वकालतीय सामग्री बनाउने । | गाबिस सचिवले जोतभोगको प्रमाण दिन मानेको छैन । दलहरुसित बसेर सर्वदलिय निर्णय गराई प्रमाण लिने । | ब्यक्तिगत रुपमा बाँझो छोडिएको र पर्ति जग्गामा फलफूल, नगदेवाली लगाई सामुहिक उत्पादन गर्ने । |
| ऐलानीमा बसेकाहरुको लगत अनुसार फाईल तयार गरि बसोबास तथा जोतभोगको प्रमाणका लागि गाबिसमा पेश गर्ने । | ऐलानी, पर्ति जग्गा खोजी सामुहिक खेज्ञज्ञ ीगर्ने । स्थानिय स्रोत जुटाई भूमिघर बनाउने । जिल्लामा भूमि अधिकार सम्बन्धि कानुनी प्रशिक्षण राख्ने । | आफ्नो जग्गा नभएका दलितहरु सार्वजनिक ठाउँमा बसेका छन । उनीहरुको आडमा अरुपनि बस्न थालेका छन । वास्तविक भूमिहीन बस्न दिने र अरुलाई हटाउनु पर्ने बिषयमा वकालत गर्ने । |
| बिवादरहीत ठाउँमा सामुहिक खेती गरि उत्पादन बढाउने । | भ्रमणबाट भएको सिकाईको आधारमा संयुक्त लालपुर्जा बनाउन प्रेरित गर्ने । | २०४८ देखि गुठी कमाउने किसानले तिरो तिरेका छैनन । गुठीलाई रैकर बनाउने प्रक्रिया बुझी अभियान थाल्ने । |
| भूमि अधिकार मञ्च गठन नभएका क्षेत्रमा मञ्च गठन गरि भूमि अधिकारका लागि परिचालन गर्ने । | २०६२ मा बनाएको लालीगुराँश ताजा तरकारी तथा बिउ उत्पादन समुह छ । ९५ हजार रुपयाँ कोष पनि छ । त्यस मार्फत ब्यावशायिक खेज्ञज्ञ ीगर्ने । | मिश्रीत खेती र ब्यावशायिक पशुपालनका बिषयमा समुहका सदस्यहरुसित छलफल गर्ने । मिश्रीत खेज्ञज्ञ ीगर्ने । |
| सामुदायिक काममा जनसहभागिता बढाउन सांस्कृतिक कार्यक्रम गर्ने । अभियानमा महिला सहभागिता बढाउने । | महिलाहरुको सहभागितामा हरियाली समुह छ । त्यसलाई क्रियाशील बनाउने । | नगदेवाली र तरकारी खेतीलाई ब्यावशायिक बनाउने । बिभिन्न संस्थाहरुले बनाएका कृषि समुहलाई एउटै सहकारीमाआवद्ध गराई काम गर्ने । |
| कबिता कार्कीले संयुक्त लालपुर्जा बनाउँदा दाईजो पाएको महसुस भयो भने । यही कुरालाई उदाहरण बनाएर संयुक्त पुर्जा बनाउन सम्झाउने । | पानी नलाग्ने पहाडी भागमा डालेघास वा भुईघास लगाई पशुपालनको आधार तयार गर्ने । | भूमि अधिकार मञ्चको काम गुठी रैकरमात्र नभई उत्पादन बढाउने पनि हो, भन्ने कुरा बुझाई आन्दोलन बलियो बनाउने । |
| बाढी प्रभावित जग्गामा बिरुवा रोप्ने योजना बनाई कार्यान्वयनमा ल्याउने । | ऐलानी जग्गा भोग गरेको प्रमाण लिन पाको उमेरका मान्छेहरुलाई बोल्न लगाई गाबिसमा प्रभाव पार्ने । | बाँझो रहेको र खेती पनि गर्न नसकिने ठाउँ खोला, खोल्सामा अम्रिसो, फलफूलका बोट रोप्ने । |

| | | |
|---|---|---|
| जोगबुढामा भएका तरकारी उत्पादन समुहलाई सक्रिय बनाउने । | भूमि अधिकार र कानुनी प्रक्रियाका बिषयमा सीप बढाउन जिल्ला मञ्चमार्फत तालिम आयोज्ञद्द ीगनर्झदे । | जिल्ला मञ्चसित सल्लाह गरि आलु खेतीलाई व्यावशायिक बनाउने । |
| बिद्यालयको स्वामित्वमा रहेको खाली जग्गामा सामहिक खेज्ञद्द ीगर्ने । मौसमी बाली संकलन गरि धर्म भकारी स्थापना गर्ने । | जग्गामा महिलाको हक कायम गराउन संयुक्त पुर्जा अभियानमा बढी खट्ने । यस सम्बन्धि बढी छलफल गर्ने । | भूमि अधिकार मञ्चमा सानोतिनो जग्गा किनेर लालपुर्जा लिएका परिवार पनि छन । उनीहरुलाई संयुक्त लालपुर्जा बनाउन प्रेरित गर्ने । |

## सिकाई भ्रमणको सार र योजना

### भ्रमणमा देखिएका असल अभ्यास

- संगठनका स्वागत । टपरीको खाना । भूमिघरको बास ।
- संगठनमा महिलाहरु बढी सक्रिय । बलियो संगठन ।
- जग्गा दावी गर्ने बनाउन जोतभोगको आधार प्रमाण पत्र लिने । र त्यसका लागि भएका संघर्ष ।
- आन्दोलन कोष । आफ्नै लगानीमा बनाईएका भूमिघर ।
- राम्रो, नराम्रो छुट्याएर जग्गाबाँड्न सक्ने संगठनका सदस्यहरुमा सिर्जनात्मक सोच । यसले संगठनमा बिवाद छैन । नेतृत्व सफल छन ।
- बाँझो, नदी उकास जग्गाको उपयोग ।
- जोतभोगको प्रमाण दिन सुकुम्बासीको पक्षमा भएका दलहरुका निर्णय । सहयोग ।
- गाबिसमा भूमि अधिकार कोष । भूमि अधिकारबाटै बञ्चितहरुको पक्षमा खर्च हुने ।
- मिश्रीत खेती प्रणाली । बिष्णुदेव महतोको प्रतिस्पर्धात्मक खेती ।
- संयुक्त लालपुर्जा अभियान । यसले महिलाका आएको उत्साह र अभियानकर्ताको मिहेनेत ।
- बगरमा खेती खेती । वर्षभरी खान पुग्ने अन्न उत्पादन । नदी नियन्त्रणको योजना ।
- बाँझो जग्गा उपयोग गर्दा ठेकेदारहरुसित अभियानकर्ता राजेन्द्र महतोले सामाना गर्नु परेको चुनौती ।
- धनीहरुले सकुम्बासीले सहयोग गर्न छोडेपछि अन्न संकलन गरी सहयोग लिनेदिने चलन ।
- ज्यालादारी पाउँदा अन्न किनेर खाने । भाकमारी वा काम नपाउने बेलाका लागि आफ्नै खेतीबाट उब्जेको अन्न थन्काएर राख्ने चलन ।
- संगठनमा लागेपछि फेरिएको शोभा बि.क.को जिन्दगी ।
- रचनात्मक तरिकाबाट समस्या समाधान गर्न सक्ने नेतृत्व अमर बहादुर कार्कीको भूमिका ।
- गुठी रैकरका लागि भएको संघर्ष । बालीचक्ला र अगुवा धन बहादुर, राम बहादुर कार्कीको भूमिका ।

- सामुदायिक बनभित्र अलैंची र अम्रिसो । पाखो जग्गामा सुन्तला खेती ।
- मोही बेदखली हुन नदिन जोतभोगको प्रमाण ।
- संयुक्त पुर्जा बनाउने जोडीलाई अभिनन्दन ।
- शोषण बिरुद्धको अभियान । संगठीत भएपछि अधिया कमाउने जमिन्दारलाई एकबाली मात्रै अधिया बुझाउन थाले ।

**आफ्नो क्षेत्रमा गर्न सकिने सम्भावित काम :**

- गाउँ मञ्च गठन नभएको ठाउँमा मञ्च गठन गर्ने । भएका ठाउँमा भूमि घर बनाउने । आन्दोलन कोष संकलन गर्ने ।
- ऐलानीमा बस्ने र सुकुम्बासीको लगत संकलन गरि वकालतीय सामग्री बनाउने । उनीहरुलाई जोतभोगको आधार प्रमाण पत्र दिलाउने ।
- गुठी आन्दोलन बलियो बनाउन संगठन बलियो बनाउने । प्रमाणहरु संकलन गरि जिल्लामा दवाव दिने । केन्द्रमा डलिगेशन लैजाने ।
- बाँझो रहेको जग्गामा प्रकृति हेरी सामुहिक खेती गर्ने । फलफूल, नगदेबाली लगाउने ।
- बिवादरहित खाली जग्गामा सामुहिक खेङ्गघ ागर्ने । बगर र सामुदायिक बन क्षेत्रमा बृक्षारोपण गर्ने ।
- अगुवा र संगठनका पदाधिकारीलाई संयुक्त पुर्जा बनाउन लगाउने ।
- भ्रमणमा सहभागि ब्यक्ति -दिगम्बर ओभ्मा, हर्कमति कार्की, रमा वली, कमल रोकाया, गीता ज्ञवाली, महेन्द्रनाथ योगी, मिना भाट) ले आफ्नो टोलमा पर्ने संगठनलाई बलियो बनाउने । नमुना बनाउने ।
- ऐलानी दर्ता गर्न, नापी भएको जग्गाको पुर्जा लिन र अंशबण्डा, नामसारी जस्ता समस्या स्थानिय तहमै समाधान गर्नका लागि प्रयास गर्ने ।

**भ्रमण टोलीको सामुहिक कार्ययोजना :**

| क.सं. | क्रियाकलाप | स्थान | समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | गाउँ भूमि अधिकार मञ्च निर्माण । | डडेल्धुरा -५<br>सुर्खेत -७<br>दैलेख -५ | २०७१ बैशाख भित्र | भ्रमणका सहभागि |
| २ | टोल स्तरीय सामुदायिक भूमि सुधारको खाका बनाउने । | जोगबुढाको ३, शिर्षको २, दैलेखको ४, सुर्खेतको ३ स्थानमा | २०७० चैत्र १५ भित्र | भ्रमणका सहभागि र कार्यकर्ता |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामुदायिक भूमि सुधार सम्बन्धि गाबिस तहमा छलफल र खाका निर्माण । | डडेल्धुरा -३, सुर्खेत -३, दैलेख -३ गाबिसमा | २०७० चैत्र मसान्तसम्म | भ्रमणका सहभागि र कार्यकर्ता |
| ४ | बाँझो जग्गामा बृक्षारोपण गर्ने । | ३ जिल्लाको एक एक स्थानमा | २०७० असार | भ्रमणका सहभागि |
| ५ | संयुक्त लालपुर्जा बनाउने । | जोगबुढा र शिर्ष ८०, सुर्खेतमा १००, दैलेखमा १० जोडी | २०७० चैत्र १० सम्म | भ्रमणका सहभागि र कार्यकर्ता |
| ६ | जोतभोगको प्रमाणका लागि गाबिसमा निबेदन दिने । | डडेल्धुरा १५०, दैलेख ४०, सुर्खेत ५० जना | २०७० चैत्र मसान्तसम्म | भ्रमणका सहभागि र कार्यकर्ता |
| ७ | अध्ययनबारे जिल्ला मञ्चमा छलफल | जिल्ला मञ्च वा अभियान सञ्चालित क्षत्रमा | डडेल्धुरा र दैलेखमा फागुन १० गते, सुर्खेतमा फागुन ७ गते | भ्रमणका सहभागि |

**भ्रमणको वास्तबिक खर्च बिवरण :**

| क.सं. | खर्च बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | बसभाडा -आउँदा ५९५० जाँदा ११४८५) | १७४३५ | |
| २ | बाटोको खाना खर्च | १२००० | |
| ३ | भ्रमण अवधीमा भएको खाना, खाजा खर्च | २३०३० | |
| ४ | भ्रमण अवधीको नीजि खर्च | ९६०० | |
| ५ | डिजल र कर(प्रवेश, पार्किंग) | १८६४६ | |
| ६ | स्टेश्नरी | ८३० | |
| ७ | औषधी | २९० | |
| ८ | भ्रमण अवधीमा बास | ७७०० | |
| ९ | भूमिघरमा खाना | १५०० | |
| १० | भूमिघरमा बास | १७०० | |
| ११ | गाडी रिजर्भ गरेको भुक्तानी | ३१५०० | |
| | **कुल जम्मा** | **१,२४,२३१** | |